अनुसूची– १६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री तिनुखारा सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर गाउँपालिका वडा नं. १, तिनुखारा, दाङ

२०८२/१२/१६

प्रेमलाल खत्री
अध्यक्ष

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

### प्रथम पटक सूचना प्रकाशन मिति २०८२/१२/१६

श्री तिनुखारा सामुदायिक वन उपभोक्ता समूह शान्तिनगर गाउँपालिका वडा नं.-१, तिनुखारा, दाङको वनबाट उत्पादित शान्तिनगर गा.पा.-१, बागचौरमा घाट्गद्दी गरी राखिएको तपशिलको लटको तपशिलको परिमाणको गोलिया काठ/दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ/ संस्था, फर्म वा कम्पनीले यो सूचना नयां युगबोध दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २२ (बाईसौं) दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

#### तपसिल

वनपैदावारको विवरण

| वनपैदावारको | | | | | | न्यूनतम | | काठ/ दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य (रु) | |
| १ | साल | गोलिया | A | १ | २७.५ | १२५० | ३४३७५.०० | संकलन खर्च प्रति क्यू.फि. १५० का दरले जम्मा रु. ३१५८४।-र दाउराको प्रति चट्टा ११000।- का दरले रु. २२000।- गरी जम्मा रु. ५३५८४।- |
| | | | B | ७ | ४१.९२ | ९०० | ३७७२८.०० | |
| | | | C | ४५ | १०३.०२ | ६०० | ६१८१२.०० | |
| | | | D | १६ | २२.२६ | ३०० | ६६७८.०० | |
| | | | | ६९ | १९४.७ | | १४०५९३.०० | |
| | जामुन | गोलिया | B | २ | ९.५ | ३०० | २८५०.०० | |
| | | | C | ३ | ६.३६ | १०० | ६३६.०० | |
| | | | | ५ | १५.८६ | | ३४८६.०० | |
| जम्मा | | गोलिया (घ.फि) | | ७४ | २१०.५६ | | १४४०७९.०० | |
| | | मिश्रित दाउरा (चट्टा) | | २ | | ८००० | १६०००.०० | |
| कुल जम्मा | | | | | | | १६००७९.०० | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३/०१/०६ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८२/०१/०७ (ख) समय १२.०० बजे सम्म ।

३. बोलपत्र साथ कबुल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको कुमारी बैंक लिमिटेड, हापुरे, शाखामा रहेको खाता नं. १५२०१३९४५९४००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम प्रति लटको रु. १०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरि यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस तिनुखारा सामुदायिक वन उपभोक्ता समूहको शान्तिनगर गा.पा.-१, तिनुखारा, दाङमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डि.व.का. मा फर्म सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०१/०७ गते यस समूहको कार्यालयमा दिनको २.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र साकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेखुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समुहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

श्री तिनुखारा सामुदायिक वन उपभोक्ता समूह
स्था: २०७०
शान्तिनगर-१, दाङ

२०८२/१२/१८

प्रेमलाल खत्री
अध्यक्ष

# बैरागमा बन्द ट्रिप्पर चालक

❑ गोविन्द खड्का



घोराही, १५ चैत। 'नुहाउन जा, मुख धुन जा'- यस्तै ठट्यौलीका कुरा गर्दै घोराही- १४ लखनपार्कको फुटपाथमा युवाहरु बसेका थिए। 'हिजो साँझदेखि खान त पाइएको छैन अरु के कुरा' जवाफ दिन्थे। केहीले टिप्पर ड्राइभरको पेशा गरिखान नसकिने भयो भनेर दिग्दारी पोख्थे।

शनिबार साँझ साढे ६ बजेतिर घोराही-१४ लखनपार्क नजिक आउँदै गरेका ट्रिप्परलाई स्थानीयले रोके। अगाडिको रोकिएपछि क्रमशः पछाडिका पनि रोकिए र करिब २५ बढी ट्रिप्पर रोकिएको उनीहरुको अनुमान थियो। ती ट्रिप्परका चालक एक ठाउँमा बसेर गफिएका थिए।

'दिनरात जाम हुन्छ। बिहान नौ बजेदेखि दिउँसो तीन बजेसम्म खुमबासमा रोकिनुपर्छ। त्यसबीचको समयमा ट्रिप्परलाई सडकमा रोक लगाइएको छ। साँझ छ बजेदेखि बिहानसम्म बराह पेट्रोल पम्पबाट बडहरा ट्रिप्पर जान पनि रोक लगाइएको छ। दिनरातको बन्दले व्यवसाय संकटमा छ'- उनीहरुको सामूहिक गुनासो थियो।

'त्यो बडहराको बाटो रातिमा हिड्न दिन्न नि त। छ बजेसम्म मात्रै दिन्छ'- एक चालकले भन्नुभयो- 'नत्र हामी यो बाटो हिँड्दैनथिम्। उता हिँड्न नदिएपछि रातिमा यहींबाट हिड्छम्। शनिबार साँझ केही मानिस आएर बन्द गरिदिए। विगतमा जस्तै साँझ ७ बजे उताको समयमा हिड्ने बाटो पनि छेकियो।'

'साँझ खानपिन गर्न घर जाने भनेको यतै जाममा परियो'- चालक गणेश गिरीले भन्नुभयो- 'ट्रिप्पर ड्राइभरलाई गरी खान दिन्नन्। सडक दिनरात जाम भए कसरी व्यवसाय गर्नु ?' 'ड्राइभर केहीले अब विदेश जाने भन्दै थिए। विदेशमा पनि जान दिन्न लडाईंको लडाईं छ' अर्काले कुरा काट्थे। बालेन शाहको सरकार आयो अब देला नि अर्काले थप्थे। उही ट्रिप्पर चला भन्ला सिप त्यही छ। सडकको यहाँ यस्तो ताल छ। समस्या उही त हो नि ? जताबाट भए पनि ट्रिप्पर ड्राइभरलाई गरिखान दिन्नन्। यहाँ बाँच्न मुस्किल छ।'

'सिमेन्ट, गिट्टी, बालुवा ट्रिप्परले नबोके कसरी बन्छन् घर ?'- चालक टीकाराम थापाले भन्नुभयो- 'आखिर घर महल जे बनाउँदा पनि बोक्ने त ट्रिप्परले होला।'

'कि वैकल्पिक बाटो दिनुपर्‍यो कि त हिँड्न दिनुपर्‍यो'- चालक पारस केसीले भन्नुभयो- 'यसरी त कसरी काम गरिखाने ?'

## बाँकेमा अझै १३ जना उम्मेदवारले बुझाएनन् निर्वाचन खर्च

बाँके, १५ चैत (युस)- गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा बाँकेबाट उम्मेदवार बनेका ५६ जनामध्ये ४३ जनाले मात्र निर्वाचन खर्च बुझाएका छन्। जिल्लाका तीनवटै निर्वाचन क्षेत्रबाट विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी ५६ जना उम्मेदवार बनेका थिए।

जिल्ला निर्वाचन कार्यालयका अनुसार निर्वाचनमा ५६ जनाले उम्मेदवारी दर्ता गराएकोमा हालसम्म ४३ जनाले मात्र खर्च विवरण बुझाएका छन्। कार्यालयका सूचना अधिकारी युवराज पन्तका अनुसार अझैं १३ जनाले निर्वाचन खर्च बुझाउन बाँकी रहेको छ।

निर्वाचन परिणाम घोषणा भएको एक महिनाभित्र सबै उम्मेदवारले खर्च विवरण बुझाउनुपर्ने प्रावधान छ। चैत २३ गतेभित्र खर्च विवरण बुझाइसक्नुपर्ने समयसीमा रहेको छ। बाँके जिल्लाको क्षेत्र नं १ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सुरेशकुमार चौधरी, क्षेत्र नं. २ बाट नेकपा (एमाले) का मोहम्मद इश्तियाक राई र क्षेत्र नं. ३ बाट रास्वपाकै खगेन्द्र सुनार निर्वाचित हुनुभएको थियो।

# सहकारी दिवस साताव्यापी मनाइने



युगबोध समाचारदाता

घोराही, १५ चैत। जिल्ला सहकारी संघ दाङले ६९ औं राष्ट्रिय सहकारी दिवस साताभर मनाउने भएको छ। संस्थाका अध्यक्ष हेमराज गौतमको अध्यक्षता एवं घोराही उपमहानगरपालिकाका सहकारी रोजगार प्रवर्द्धन शाखा प्रमुख प्रेम केसीको प्रमुख आतिथ्यतामा आइतबार पत्रकार सम्मेलन गरी कार्यक्रम तालिका सार्वजनिक गरिएको थियो।

अध्यक्ष गौतमका अनुसार १६ गते 'राष्ट्रिय सहकारी नियमन प्राधिकारण र कर्जा सूचना केन्द्रमा आबद्धता' विषयक अन्तर्क्रिया कार्यक्रम राखिएको छ भने घोराही उपमहानगरपालिका र जिल्ला सहकारी संघको संयुक्त आयोजनामा हुनेछ।

यसैगरी १७ गते खगेन्द्र नवजीवन केन्द्र घोराहीमा रहेका अपांगता भएका नागरिकलाई फलफूल र खाद्यान्न वितरण गरिने छ। १८ गते रक्तदान कार्यक्रम गरिने छ भने १९ गते अन्तरसहकारी रनिङ शिल्ड हाजिरी जवाफ प्रतियोगिता गरिनेछ। मूल समारोह २० गते आयोजना गर्ने कार्यक्रम छ। अन्य पालिकामा सम्बन्धित पालिका र जिल्ला सहकारी संघले कार्यक्रम गर्ने अध्यक्ष गौतमले बताउनुभयो। उद्यमशीलता र पारदर्शिता : सहकारीको प्राथमिकता भन्ने मूल नाराका साथ सबै पालिका तथा सहकारीहरुले समन्वय गरेर मनाउन उहाँले अनुरोध गर्नुभयो।

'जिल्ला संघमा चार सय ३६ सहकारी संस्था आवद्ध छन्'- संघका अध्यक्ष गौतमले भन्नुभयो- 'सबैजसो कार्यक्रममा संस्थाका सदस्यहरुबाटै सहभागिता हुन्छ।' उहाँका अनुसार सात सय सहकारी संस्था भए पनि कतिपय संस्था खोजेरै नभेटिने अवस्थामा छन्। झोलामा छन् कि कता छन् तर बोर्डमा भेटिदैनन्। चालु रहेकालाई संघमा आवद्ध हुन उहाँले आग्रह गर्नुभयो। सो अवसरमा स्वागत मन्तव्य संघका वरिष्ठ उपाध्यक्ष माधव खनालले र सञ्चालन सचिव इन्द्र बुढाथोकीले गर्नुभएको थियो।

# सात पालिकाको नवप्रवर्तन कार्यक्रमका लागि रु. तीन करोड ४० लाख

युगबोध समाचारदाता

कर्णाली, १५ चैत। कर्णाली प्रदेश सरकारले यहाँका सात पालिकाको नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन कार्यक्रमका लागि रु. तीन करोड ४० लाख बजेट अख्तियारी दिने निर्णय गरेको छ।

प्रदेश सरकारको आइतबारको मन्त्रिपरिषद् बैठकले चालु आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन हुने परियोजनाका लागि सम्बन्धित पालिकाहरूलाई बजेट अख्तियारी प्रदान गर्ने निर्णय गरेको हो।

नवप्रवर्तन कार्यक्रममार्फत डिजिटल प्रविधि, सेवा प्रवाह सुधार, शिक्षा, स्वास्थ्य तथा उद्यम विकासजस्ता क्षेत्रमा रुपान्तरण ल्याउने उद्देश्य राखेर बजेट व्यवस्था गरिएको प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिनुभयो। छनोटमा परेका परियोजना स्थानीय आवश्यकता र प्रविधिमैत्री सेवाको विस्तारलाई केन्द्रमा राखेर तय गरिएको उहाँले बताउनुभयो।

प्रवक्ता शाहका अनुसार नवप्रवर्तन कार्यक्रमअन्तर्गत सानीभेरी नगरपालिका रुकुमपश्चिमको डिजिटल प्रविधिमा आधारित स्थानीय सेवा प्रवाहका लागि रु. ४२ लाख, शारदा गाउँपालिका सल्यानको एकीकृत डिजिटल सेवा तथा सूचना व्यवस्थापन प्रणालीका लागि रु. ४२ लाख, चौरजहारी नगरपालिका रुकुमपश्चिमको प्रविधिमैत्री शिक्षाका लागि डिजिटल कक्षाकोठा व्यवस्थापन परियोजनामा रु. ५५ लाख ६० हजार, नारायण नगरपालिका दैलेखको आर्थिक विकास र रुपान्तरणका लागि व्यावसायिक उद्यम विकास परियोजनाका लागि रु. ५५ लाख ५१ हजार सात सय बजेट अख्तियारी दिने निर्णय गरिएको छ।

त्यसैगरी, मुगुम कार्मारोङ गाउँपालिका मुगुको डिजिटल नवप्रवर्तनमा आधारित सामुदायिक अस्पताल सुदृढीकरण कार्यक्रमका लागि रु. ७५ लाख, नलगाड नगरपालिका जाजरकोटको प्रविधिमैत्री एकीकृत सेवा प्रवाह केन्द्र सञ्चालनका लागि रु. २२ लाख ८८ हजार तीन सय र रास्कोट नगरपालिका कालीकोटको डिजिटल पालिका निर्माणका लागि रु. ४९ लाख बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो।

प्रदेश सरकारले ती परियोजनामार्फत स्थानीय तहमा प्रविधिको प्रयोग विस्तार गर्दै सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र पहुँचयोग्य बनाउने अपेक्षा गरेको छ। साथै नवप्रवर्तनमार्फत स्थानीय आर्थिक गतिविधि सुदृढ पार्दै रोजगारी सिर्जनामा समेत टेवा पुग्ने विश्वास गरिएको जनाइएको छ। प्रवक्ता शाहका अनुसार कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको सातौं अधिवेशन आज राति १२:०० बजेदेखि अन्त्य गर्नका लागि सिफारिस गरिएको छ

बाँकेमा अझै ... (continued)

३१ हजार रुपैयाँ खर्च भएको विवरण बुझाउनुभएको छ। यस्तै स्वतन्त्र उम्मेदवारहरु महेश डाँगीको ४१ हजार, भरत परियारको ५१ हजार, सुरेश नेपालीको एक लाख १७ हजार, आमजनता पार्टीका पाण्डवी नेपालीले एक लाख ४० हजार, मंगोल नेशनल अर्गनाइजेसनका घनश्याम चौधरीले एक लाख ३२ हजार, राष्ट्रिय जनमोर्चाका कमला जिसीले ७५ हजार, नेशनल रिपब्लिक नेपालका प्रितम चौधरीले ३९ हजार सात सय, स्वतन्त्र उम्मेदवार प्रेमबहादुर ओलीले ६४ हजार पाँच सय १२, राष्ट्रिय प्रजातन्त्र पार्टीका दामोदर भण्डारीले पाँच लाख, संयुक्त नागरिक पार्टीका दलवीर कामीले ९९ हजार चार सय, स्वतन्त्र उम्मेदवार मेघराज केसीले तीन लाख ६५ हजार, स्वतन्त्र उम्मेदवार इन्द्रबहादुर बस्नेतले एक लाख १० हजार र स्वतन्त्र उम्मेदवार सबै कँडेलले दुई लाख ३० हजार खर्च भएको विवरण पेश गर्नुभएको छ।

# नवनिर्वाचित खानेपानी कार्यसमितिले लियो पदभार

युगबोध समाचारदाता

घोराही, १५ चैत। गैरागाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति घोराही- १७ का नवनिर्वाचित अध्यक्ष विश्वराज आचार्य नेतृत्वको टिमले पदभार ग्रहण गरेको छ। निर्वाचन अधिकृत सन्तोष पोखेलको अध्यक्षता एवं खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघका केन्द्रीय अध्यक्ष खेमराज वलीको प्रमुख आतिथ्यतामा आइतबार शपथग्रहण कार्यक्रम गरिएको थियो।

'समितिले कम्तिमा २० करोडको योजना बनाएर ल्याउनुस्'- प्रमुख अतिथि अध्यक्ष वलीले भन्नुभयो- 'माथिको भूमिका म खेल्छु। कहाँ कुन बजेट र प्रक्रिया अगाडि बढाउने हो म केन्द्रमा पहल गर्छु।' शुद्धीकरण, हिसाव सफ्टवेरमा राख्ने र पानीमा समस्या आएको समस्या डिजिटल प्रविधिबाट थाहा पाउने गरी काम अघि बढाउन उहाँको सुझाव थियो। समितिका निवर्तमान अध्यक्ष वीरकेशरी गौतमले भवन बनाउने, टंकीमा पानी हाल्ने धारा विस्तारसहित धेरै काम बाँकी रहेको बताउनुभयो। उहाँले अध्यक्ष आचार्यलाई माइन्यूट हस्तान्तरण गरी पदभार ग्रहण गराउनुभएको थियो।

यसैगरी नवनिर्वाचित अध्यक्ष आचार्यले जिम्मेवारीलाई गम्भीरताका साथ ग्रहण गरेको बताउनुभयो। 'आफ्नो गाउँ क्षेत्रको जिम्मेवारी दिनुभएको छ। योजना यहाँबाट अगाडि बढाउनका निम्ति सुधार र विस्तारका काममा एकजुट भएर लाग्नेछौं।' निर्वाचन समितिका संयोजक रमेन्ता पुनको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सञ्चालन नवनिर्वाचित सचिव दर्जित रोका मगरले गर्नुभएको थियो।

## दाङमा....

मा राष्ट्रिय स्वतन्त्र पार्टीका देवराज पाठकको निर्वाचन खर्च १७ लाख ६२ हजार तीन सय २६, नेपाली कांग्रेसबाट उम्मेदवार रहेका योगेन्द्र चौधरीको ३० लाख, एमालेका रेवतीरमण शर्मा घिमिरेको १९ लाख ५५ हजार, नेपाली कम्युनिष्ट पार्टीका मेटमणि चौधरीले छ लाख ४४ हजार, राष्ट्रिय जनमोर्चाका गणेशप्रसाद आचार्यले तीन लाख तीन हजार, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का प्रकाश शाहीले छ लाख ३० हजार २५ रुपैयाँ खर्च भएको विवरण पेश गर्नुभएको छ। त्यस्तै जनता समाजवादी पार्टी नेपालका भरतलाल चौधरीले चार लाख २७ हजार पाँच सय र राष्ट्रिय परिवर्तन पार्टीका रञ्जित चौधरीले एक लाख ५५ हजार, नेशनल रिपब्लिक नेपालका मिनबहादुर ठेडीले ६५ हजार, राप्रपाका विनय बिसीले छ लाख २० हजार, स्वतन्त्र उम्मेदवार कुलप्रसाद केसीले चार लाख, स्वतन्त्र उम्मेदवार मालिकराम यादवले एक लाख ६५ हजार र मंगोल नेशनल पार्टीका खुमबहादुर गाहले ३३ हजार रुपैयाँ खर्च विवरण पेश गरेको सूचना अधिकारी कँवरले जानकारी दिनुभयो।

दाङ निर्वाचन क्षेत्र नं. २ मा राष्ट्रिय स्वतन्त्र पार्टीका विपिनकुमार आचार्यले १६ लाख २९ हजार पाँच सय ६२, नेकपा (एमाले) का शंकर पोखेलले १७ लाख ५० हजार, कांग्रेसका किरण किशोर घिमिरेले २० लाख ९७ हजार २२ रुपैयाँ खर्च भएको विवरण बुझाउनुभएको छ। यस्तै नेपाली कम्युनिष्ट पार्टीका निर्मल आचार्यले १९ लाख ४० हजार, स्वतन्त्र उम्मेदवार धर्मराज शर्माले एक लाख २२ हजार चार सय ५५, कल्पना लामाले दुई लाख १३ हजार र बालाराम पौडेलले दुई लाख ६६ हजार, स्वतन्त्र उम्मेदवार लालबहादुर खत्रीले दुई लाख ३५ हजार, राष्ट्रिय जनमोर्चाका मणिराम खनालले दुई लाख ८० हजार, स्वतन्त्र उम्मेदवार समिर ओलीले १० हजार, राष्ट्रिय जनमुक्ति पार्टीका रविन्द्र उच्च नेपालीले २० हजार, मंगोल नेशनल अर्गनाइजेसनका अमरबहादुर बुढाले ५७ हजार, मितेरी पार्टी नेपालका रेवतबहादुर पुन मगरले एक लाख २७ हजार, राष्ट्रिय प्रजातन्त्र पार्टीका ऋषिकेश पोखेलले दुई लाख २५ हजार, नेशनल रिपब्लिक नेपालका जितन पुनले ४५ हजार सात सय, स्वतन्त्र उम्मेदवार विष्णुकुमारी भुसालले एक लाख ७२ हजार, स्वतन्त्र उम्मेदवार विष्णुविक्रम सेन ओलीले १० हजार र नेपाल मजदुर किसान पार्टीका नवीनकुमार शाहीले सबै खर्च पार्टीले बेहोरेका कारण व्यक्तिगत खर्च नभएको जानकारी गराएको सूचना अधिकारी कँवरले बताउनुभयो।

त्यसैगरी दाङ निर्वाचन क्षेत्र नं. ३ मा राष्ट्रिय स्वतन्त्र पार्टीका कमल सुवेदीले २४ लाख आठ हजार दुई सय ४२, नेपाली कांग्रेसका दीपक गिरीले १९ लाख ८४ हजार दुई सय ६५, नेकपा एमालेका घनश्याम पाण्डेले २४ लाख ६७ हजार दुई सय ९६, नेपाली कम्युनिस्ट पार्टीका धनबहादुर मास्कीले १८ लाख ८५ हजार, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का बलबहादुर ओलीले छ लाख ३५ हजार तीन सय, श्रम संस्कृति पार्टीका टोपबहादुर महतराले


फाँट- १ मु.नं. ०८१-CP-१८२९

दाङ जिल्ला अदालतबाट जारी भएको थमन बहादुर गुरुङकी छोरी लेबकबहादुर घर्तीमगरकी पत्नी प्यूठान जिल्ला साबिक मरन्ठाना गा.वि.स. वडा नं. ३ घर भई हाल दाङ जिल्ला राप्ती गाउँपालिका वडा नं. २ लालमटिया बस्ने अं वर्ष ३६ की शारदा घर्ती मगरका नाउँको ईतलायनामा म्याद.......।

उप्रान्त वादी अ.वा. सकुन्तला घिमिरे प्रतिवादी तपाईं समेत भएको राजिनामा तथा बकसपत्र बदर मुद्दामा वादी अ.वा. सकुन्तला घिमिरेले तपाईंका उपर यस अदालतमा मिति २०८२।०३।०२ गते राजिनामा तथा बकसपत्र बदर मुद्दा दायर गरेकोले तपाईंको नाउँमा यस अदालतबाट जारी भएको ईतलायनामा म्याद बेपत्ते तामेल भै बदर भएकोले यस अदालतको मिति २०८२।१२।०२ गतेका आदेशानुसार तपाईंका नाउँको यो ईतलायनामा म्याद प्रकाशित गरिएको छ। म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक २१ (एक्काईस) दिनभित्र तपाईं आफै वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत् यस अदालतमा उपस्थित हुनुहोला। प्रकाशित म्यादमा नआई गुजारे कानुन बमोजिम हुनेछ पछि तपाईंको उजुर लाग्ने छैन।

इति सम्वत् २०८२ साल चैत महिना १६ गते रोज ०२ मा शुभम्......।



फाँट- १ मु.नं. ०८१-C४-०५४०

दाङ जिल्ला अदालतबाट जारी भएको थमन बहादुर गुरुङकी छोरी लेबकबहादुर घर्तीमगरकी पत्नी प्यूठान जिल्ला साबिक मरन्ठाना गा.वि.स. वडा नं. ३ घर भई हाल दाङ जिल्ला राप्ती गाउँपालिका वडा नं. २ लालमटिया बस्ने अं वर्ष ३६ की शारदा घर्ती मगरका नाउँको ईतलायनामा म्याद.......।

उप्रान्त वादी अ.वा. सकुन्तला घिमिरे प्रतिवादी तपाई समेत भएको जालसाज मुद्दामा वादी अ.वा. सकुन्तला घिमिरेले तपाईंका उपर यस अदालतमा मिति २०८२।०३।०२ गते जालसाज मुद्दा दायर गरेकोले तपाईंको नाउँमा यस अदालतबाट जारी भएको ईतलायनामा म्याद बेपत्ते तामेल भै बदर भएकोले यस अदालतको मिति २०८२।१२।०२ गतेका आदेशानुसार तपाईंका नाउँको यो ईतलायनामा म्याद प्रकाशित गरिएको छ। म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक २१ (एक्काईस) दिनभित्र तपाई आफै वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत् यस अदालतमा उपस्थित हुनुहोला। प्रकाशित म्यादमा नआई गुजारे कानुन बमोजिम हुनेछ पछि तपाईंको उजुर लाग्ने छैन।

इति सम्वत् २०८२ साल चैत महिना १६ गते रोज ०२ मा शुभम्......।



फाँट- १ मु.नं. ०८१-C४-०५४०

दाङ जिल्ला अदालतबाट जारी भएको भक्तबहादुर रावतको बुहारी बलबहादुर रावतको पत्नी गुल्मी जिल्ला साबिक अगलुङ गा.वि.स. वडा नं. १ घर भई हाल दाङ जिल्ला राप्ती गाउँपालिका वडा नं. २ लालमटिया बस्ने अं वर्ष ७० की हरि कुमारी रावतका नाउँको ईतलायनामा म्याद.........

उप्रान्त वादी अ.वा. सकुन्तला घिमिरे प्रतिवादी तपाई समेत भएको जालसाज मुद्दामा वादी अ.वा. सकुन्तला घिमिरेले तपाईंका उपर यस अदालतमा मिति २०८२।०३।०२ गते जालसाज मुद्दा दायर गरेकोले तपाईंको नाउँमा यस अदालतबाट जारी भएको ईतलायनामा म्याद बेपत्ते तामेल भै बदर भएकोले यस अदालतको मिति २०८२।१२।०२ गतेका आदेशानुसार तपाईंका नाउँको यो ईतलायनामा म्याद प्रकाशित गरिएको छ। म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक २१ (एक्काईस) दिनभित्र तपाई आफै वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत् यस अदालतमा उपस्थित हुनुहोला। प्रकाशित म्यादमा नआई गुजारे कानुन बमोजिम हुनेछ पछि तपाईंको उजुर लाग्ने छैन।

इति सम्वत् २०८२ साल चैत महिना १६ गते रोज ०२ मा शुभम्......।



फाँट- १ मु.नं. ०८१-C४-०५४०

दाङ जिल्ला अदालतबाट जारी भएको तेजबहादुर खत्रीको नाति ईश्वर बहादुर के.सी. को छोरा प्यूठान जिल्ला साबिक रस्पुरकोट गा.वि.स. वडा नं. २ घर भई हाल दाङ जिल्ला राप्ती गाउँपालिका वडा नं. २ लालमटिया बस्ने अं वर्ष ३६ को हरि के.सी. का नाउँको ईतलायनामा म्याद...........।

उप्रान्त वादी अ.वा. सकुन्तला घिमिरे प्रतिवादी तपाईं समेत भएको जालसाजी मुद्दामा वादी अ.वा. सकुन्तला घिमिरेले तपाईंका उपर यस अदालतमा मिति २०८२।०३।०२ गते जालसाज मुद्दा दायर गरेकोले तपाईको नाउँमा यस अदालतबाट जारी भएको ईतलायनामा म्याद बेपत्ते तामेल भै बदर भएकोले यस अदालतको मिति २०८२।१२।०२ गतेका आदेशानुसार तपाईंका नाउँको यो ईतलायनामा म्याद प्रकाशित गरिएको छ। म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक २१ (एक्काईस) दिनभित्र तपाईं आफै वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत् यस अदालतमा उपस्थित हुनुहोला। प्रकाशित म्यादमा नआई गुजारे कानुन बमोजिम हुनेछ पछि तपाईंको उजुर लाग्ने छैन।

इति सम्वत् २०८२ साल चैत महिना १६ गते रोज ०२ मा शुभम्......।



माइग्रेशन सर्टिफिकेट हराएको सूचना !

मेरो श्री सूर्योदय सेकेण्डरी स्कूल दार्मा-६, सल्यानमा अध्ययन गरी +२ उत्तीर्ण गरेको र राष्ट्रिय परीक्षा बोर्डले उपलब्ध गराएको माइग्रेशन सर्टिफिकेट २०८२ चैत १० गते तुलसीपुर बजारमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

नाम : धना के.सी. रजिष्ट्रेशन नं. : ७४५५१६०२४
ठेगाना : दार्मा गा.पा.-२, सल्यान सम्पर्क नं. : ९८४७८२६३२४



फाँट- १ मु.नं. ०८१-CP-१८२९

दाङ जिल्ला अदालतबाट जारी भएको भक्तबहादुर रावतको बुहारी बलबहादुर रावतको पत्नी गुल्मी जिल्ला साबिक अगलुङ गा.वि.स. वडा नं. १ घर भई हाल दाङ जिल्ला राप्ती गाउँपालिका वडा नं. २ लालमटिया बस्ने अं वर्ष ७० की हरि कुमारी रावतका नाउँको ईतलायनामा म्याद.....।

उप्रान्त वादी अ.वा. सकुन्तला घिमिरे प्रतिवादी तपाईं समेत भएको राजिनामा तथा बकसपत्र बदर मुद्दामा वादी अ.वा. सकुन्तला घिमिरेले तपाईंका उपर यस अदालतमा मिति २०८२।०३।०२ गते राजिनामा तथा बकसपत्र बदर मुद्दा दायर गरेकोले तपाईंको नाउँमा यस अदालतबाट जारी भएको ईतलायनामा म्याद बेपत्ते तामेल भै बदर भएकोले यस अदालतको मिति २०८२।१२।०२ गतेका आदेशानुसार तपाईंका नाउँको यो ईतलायनामा म्याद प्रकाशित गरिएको छ। म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक २१ (एक्काईस) दिनभित्र तपाईं आफै वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत् यस अदालतमा उपस्थित हुनुहोला। प्रकाशित म्यादमा नआई गुजारे कानुन बमोजिम हुनेछ पछि तपाईंको उजुर लाग्ने छैन।

इति सम्वत् २०८२ साल चैत महिना १६ गते रोज ०२ मा शुभम्......।



फाँट- १ मु.नं. ०८१-CP-१८२९

दाङ जिल्ला अदालतबाट जारी भएको तेजबहादुर खत्रीको नाति ईश्वर बहादुर के.सी. को छोरा प्यूठान जिल्ला साबिक रस्पुरकोट गा.वि.स. वडा नं. २ घर भई हाल दाङ जिल्ला राप्ती गाउँपालिका वडा नं. २ लालमटिया बस्ने अं वर्ष ३६ को हरि के.सी. का नाउँको ईतलायनामा म्याद........।

उप्रान्त वादी अ.वा. सकुन्तला घिमिरे प्रतिवादी तपाई समेत भएको राजिनामा तथा बकसपत्र बदर मुद्दामा वादी अ.वा. सकुन्तला घिमिरेले तपाईंका उपर यस अदालतमा मिति २०८२।०३।०२ गते राजिनामा तथा बकसपत्र बदर मुद्दा दायर गरेकोले तपाईंको नाउँमा यस अदालतबाट जारी भएको ईतलायनामा म्याद बेपत्ते तामेल भै बदर भएकोले यस अदालतको मिति २०८२।१२।०२ गतेका आदेशानुसार तपाईंका नाउँको यो ईतलायनामा म्याद प्रकाशित गरिएको छ। म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक २१ (एक्काईस) दिनभित्र तपाई आफै वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत् यस अदालतमा उपस्थित हुनुहोला। प्रकाशित म्यादमा नआई गुजारे कानुन बमोजिम हुनेछ पछि तपाईंको उजुर लाग्ने छैन।

इति सम्वत् २०८२ साल चैत महिना १६ गते रोज ०२ मा शुभम्......।



फाँट- ५ मु.नं. ०८२-CP-०५७०

दाङ जिल्ला अदालतबाट जारी भएको

जुनीलाल धिमालको छोरा जिल्ला दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ रानीजरूवा बस्ने वर्ष ५० का धन्सीलाल धिमालका नामको २१ (एक्काईस) दिने इतलायनामा म्याद ।

उप्रान्त वादी गोमा धिमालले तपाईंका उपर यस अदालतमा मिति २०८२।०७।२७ गते सम्बन्ध विच्छेद मुद्दा दायर गरेकोले तपाईंको नाउँमा यस अदालतबाट जारी भएको ईतलायनामा म्याद बेपत्ते तामेल भै बदर भएकोले यस अदालतको मिति २०८२।१२।१५ गतेका आदेशानुसार तपाईंका नाउँको यो म्याद प्रकाशित गरिएको छ। म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक २१ (एक्काईस) दिनभित्र तपाईं आफै वा कानून बमोजिमको वारेसमार्फत् प्रतिउत्तरसहित यस अदालतमा उपस्थित हुन आउनुहोला। प्रकाशित म्यादमा नआई गुजारे कानुन बमोजिम हुनेछ पछि तपाईंको उजुर लाग्ने छैन।

इति सम्वत् २०८२ साल चैत महिना १६ गते रोज ०२ मा शुभम्......।


## आजको राशीफल



२०८२।१२।१६ गते सोमबार
तिथि : चैत शुक्ल द्वादशी, नक्षत्र : मघा


लक्ष्मीधारा ज्योतिष केन्द्र
ज्यो. पं. डा. भुवनेश्वर बञ्जाडे
सदस्य- नेपाल ज्योतिष परिषद्
मोबाइल : ९८४७८४१२५१
भारत ०९१-९१२५७६६७०७




**मेष** (चू,चे,चो,ला,ली,लू,ले,लो,अ): सानातिना कार्यको उल्झन, राजनीतिमा प्रतिकूलता।

**वृष** (ई,ऊ,ए,ओ,वा,वि,वू,वे,वो): केही रकम खर्च भए तापनि आकांक्षा पूरा हुन सक्ने छ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,ह): तपाईंको पराक्रमले लाभ र सफलतामा पुर्‍याउन सक्ने छ।

**कर्कट** (ही,हू,हे,हो,डा,डी,डू,डे,डो): आर्थिक क्षेत्र, शिक्षा क्षेत्र आदिमा अनुकूल समय रहन सक्ने छ।

**सिंह** (मा,मी,मू,मे,मो,टा,टी,टू,टे): नयाँ नयाँ योजनाहरु बन्न र अगाडि बढ्न सक्ने छन्।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): छिमेक टाढिन सक्ने छन्। सचेतता अपनाउँदा राम्रो।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तू,ते): आम्दानीको प्रतिफल राम्रो तर बचतमा प्रतिकूलता।

**वृश्चिक** (तो,ना,नी,नू,ने,नो,या,यी,यू): विशिष्ट व्यक्तिको साथ पाउन सकिने छ।

**धनु** (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे): आध्यात्मिक कार्य एवं सोचाइप्रति सरिक भइन सकिनेछ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खी,खू,खे,खो,गा,गी): खानपानमा ध्यान पुर्‍याउनुहोस्। विना फाइदाका कामको व्यस्तता रहला।

**कुम्भ** (गू,गे,गो,स,सी,सु,से,सो,द): सुविधापूर्वक नै सफलता र लाभ प्राप्त गर्न सकिएला।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची): रोग, शत्रु किनारा लाग्लान्। विपक्षी समेत तपाईंको प्रशंसामा लाग्न सक्ने छन्।


श्री तिनुखारा सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर गा.पा.-१, तिनुखारा, दाङ

काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति : २०८२।१२।१६ गते

श्री तिनुखारा सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गा.पा. वडा नं. १, तिनुखारा, दाङको बनबाट उत्पादन भई शान्तिनगर गा.पा.-१. बागचौर, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल तथा जामुन जातको गोलिया काठ थान ७४ को २१०.५६ घ.फि. र मिश्रित जातको दाउरा २.० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

अध्यक्ष